प्रदेश सरकार
लुम्बिनी प्रदेश
☎ : ०७१-५४००१४
☎ : ०७१-५५०६१०

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

## मुकाम: बुटवल, नेपाल

(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या:- २०७७/७८
चलानी नं.:-

बिषयः समायोजन संशोधनको सहमति सम्वन्धी सुचना ।

कर्मचारी समायोजन ऐन २०७५ बमोजिम भएको कर्मचारी समायोजनमा कर्मचारीहरुको गुनासो सम्वोधन गर्ने सन्दर्भमा २०७७/५/१ मा नेपाल सरकार मन्त्रिपरिषदवाट भएको निर्णय कार्यान्वयनलाई थप व्यवस्थित सहज सरल र प्रभावकारी बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार भएको कर्मचारी समायोजन/मिलान मापदण्ड २०७७ अनुसार यस प्रदेशमा आउन र यस प्रदेश वाट जान चाहने कर्मचारीहरुले **मिति २०७७ चैत्र ११ गते कार्यालय समय** भित्र तपसिल बमोजिम हुने गरि निवेदन दिन एकपटकको लागि मात्र यो सुचना प्रकाशित गरिएको व्यहोरा यस कार्यालयको मिति २०७७/१२/६ को निर्णयानुसार अनुरोध छ ।

१. नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरुको लागि सहमति दिई सकेको हुदाँ सो सेवा समुह बाहेकका कर्मचारीहरुले मात्र निवेदन दिनुहुन ।
२. निवेदनमा निम्न विवरण अनिवार्य खुल्ने र सो को लागि आवश्यक प्रमाण कागजातहरु पेश गर्नुपर्ने छ ।
   - कर्मचारीको नाम, थर, स्थायी ठेगाना र उमेर खुल्ने कागजात, साथै सम्पर्क नं र E-Mail ।
   - पद, सेवा/समुह/उपसमुह, तह/श्रेणी, समायोजन भएको तह र हाल कार्यरत कार्यालय ।
   - कम्प्युटर सम्वन्धी ज्ञान भएको प्रमाण वा स्वघोषणा ।
३. यस भन्दा पहिले यस प्रदेशमा सहमतिको लागि निवेदन दर्ता भएका कर्मचारीहरुले पनि यस सुचनामा उल्लेखित विवरण र कागजात अनिवार्य पेश गरेकोहुनु पर्नेछ ।यस कार्यालयलाई आवश्यक विवरण र कागजात पेश नभएको र तोकिएको समय पछि आएको निवेदन उपर कुनै कार्य गरिनेछैन ।
४. निश्चित कार्यालयहरु तोकि सहमति माग गरेको कर्मचारीलाई सहमति दिईनेछैन ।समायोजन संशोधन भई यस प्रदेशमा आउने कर्मचारीहरुलाई प्रदेश सरकारले मिल्दो पदमा जुनसुकै कार्यालयमा खटाउन सक्नेछ ।
५. प्राप्त निवेदन उपर माग बमोजिमको सहमति दिने नदिने सम्वन्धी यस कार्यालयले निर्णय गरे बमोजिम हुनेछ । सहमति दिने सम्वन्धमा निर्णय भए सम्वन्धीत कर्मचारीको E-Mail ठेगानामा प्राप्त हुनेछ । यसरी आफ्नो E-Mail मा सहमति प्राप्त नभएमा स्वत: सहमति नदिएको व्यहोरा बुझ्नुहुन समेत सबैमा अनुरोध छ ।

(नोट: निवेदन र अन्य कागजात स्क्यान गरी यस कार्यालयको kapra.cmofficep5@gmail.com मेल ठेगानामा समेत पठाउन सकिने भएकोहुदाँ भौतिक रुपमा यस कार्यालयमा उपस्थित भईरहनु नपर्ने ।)

सम्पर्क गर्नै पर्ने भए (कार्यालय समय भित्र मात्र) : - प्रेम गौतम अधिकृत सातौ (९८५७०२९१२७)
-कमल पराजुली अधिकृत छैटौ (९८४७०३४०५२)
-माधव चौधरी स.क.अ. (९८४७५८९०४६)

मिति : २०७७/१२/०९